# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प.सं. २०७९।०८०
च.नं.
मिति:..............................

**प्रस्ताव आब्हान सम्बन्धी सूचना**
**(प्रथम पटक प्रकाशित मिति: २०७९/१०/२०)**

राप्ति नगरपालिका, कृषि तथा सहकारी विकास शाखा,भण्डारा,चितवनको चालु आ.व. २०७९/०८० को स्वीकृत सशर्त वार्षिक कार्यक्रम अनुसार निम्न लिखित कार्यक्रम **"स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७९"** अनुसार गर्न इच्छुक कृषक समूह/सहकारी संस्था लि./ निजि क्षेत्रले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस)औं दिन अर्थात (मिति:२०७९/११/११ गते) भित्र यस कार्यालयको कृषि तथा सहकारी विकास शाखामा विस्तृत प्रस्तावना सहितको निवेदन कार्यालय समयभित्र दर्ता गर्नु हुन सुचित गरिन्छ| साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेतसुचितगरिन्छ।

**तपशिल:**

| क्र.स. | कार्यक्रम | संख्या | बजेट | कैफियत |
|---|---|---|---|---|
| १. | ड्रागन फल खेती विकास तथा विस्तार,राप्ती-८ | १ | १५,००,०००/- | |

नोट: उक्त मार्ग दर्शन नगरपालिकाको वेभसाइट www.raptimun.gov.np बाट डाउनलोड गर्न सकिन्छ|

**दरखास्तको साथमा पेश गर्नु पर्ने कागजातहरु:**

१.कार्यक्रम सम्बन्धी विस्तृत प्रस्तावना।

२.नगरपालिकामा कृषकसमूह/सहकारी संस्थालि./निजि क्षेत्र नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपी र सहकारी संस्था लि. को हकमा सम्बन्धित व्यवसाय संचलान गर्ने उदेश्य खुल्ने कागजातको प्रतिलिपि।

३. कृषक समूह/सहकारी संस्था लि./कृषि निजि क्षेत्रले कार्यक्रम संचालन गर्ने निर्णयको प्रतिलिपी।

४.कृषक समूह/सहकारी संस्था लि./ निजि क्षेत्रले कार्य समितिको सदस्यहरुको नामावली।

५.कार्यक्रम संचालन हुने स्थानको जग्गाको लालपुर्जाको प्रतिलिपी वा भाडाको जग्गा भएमा कम्तिमा १०वर्षको सम्झौतानामा।

६.कार्यक्रम संचालन गर्ने कृषक समूह/सहकारी संस्था लि./ निजि क्षेत्रको करचुक्ता प्रमण पत्रर साधारण सभाको प्रतिवेदनको प्रतिलिपी।

७. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण तथा पान दर्ता प्रमाण पत्रको प्रतिलिलिपि।

८.सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

९.कार्यक्रम संचालनको लागि कुनै प्रक्रिया भए समावेश गर्नु पर्ने।

बोधार्थ:श्री सूचना प्राविधिक शाखा :उक्त सूचना वेबसाइटमा अपलोड गरिदिनु हुन अनुरोध छ।

..............................
रक्षा उप्रेती
कृषि अधिकृत

# स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७९

स्वीकृत मितिः२०७९/५/३१

बागमती प्रदेश सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट चालू आर्थिक बर्ष २०७९/८० मा कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण मार्फत हस्तान्तरित कार्यक्रमहरुको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनिय भएकोले विनियोजन ऐन, २०७९ को दफा ९ को उपदफा (२) बमोजिम मन्त्रालयवाट यो कार्यविधि स्वीकृत गरि लागू गरिएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७९" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "आवेदक" भन्नाले कार्यक्रम सञ्चालनको लागि आवेदन दिएका कृषक समुह/ सहकारी/ निजि क्षेत्र बुझ्नु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले आर्थिक वर्ष २०७९/८० मा स्थानीय तहमा विनियोजित सशर्त अनुदानका कार्यक्रमहरु बुझ्नु पर्छ ।

(ग) "कृषक समुह" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषक समुह बुझ्नु पर्छ ।

(घ) "सहकारी" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषि क्षेत्रमा काम गर्ने सहकारी बुझ्नु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई बुझ्नु पर्छ ।

(च) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय बुझ्नु पर्छ ।

(छ) "स्थानीय तह" भन्नाले बागमती प्रदेश भित्रका गाउँपालिका/ नगरपालिका/ उपमहानगरपालिका/ महानगरपालिका बुझ्नु पर्छ ।

(ज) "निजी क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषि फर्म बुझ्नु पर्छ।

(झ) "विज्ञ केन्द्र" भन्नाले मन्त्रालय मातहतको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बुझ्नु पर्छ ।

(ञ) "साझेदार" भन्नाले कार्यक्रम सञ्चालन गर्न छनौट भएका कृषक समुह/ सहकारी/ निजि क्षेत्र बुझ्नु पर्छ ।

(ट) "ज्ञान केन्द्र" भन्नाले मन्त्रालय मातहतको कृषि ज्ञान केन्द्र बुझ्नु पर्छ ।

३. उद्देश्यः यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) सशर्त कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा सहजिकरण गरी एकरुपता कायम गर्ने,

(ख) सशर्त कार्यक्रमहरुको कार्यान्वयन, अनुगमन एवम प्रगति प्रतिवेदन पद्धतिलाई प्रभावकारी बनाउने ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन प्रक्रिया

४. सुचना प्रकाशनः स्थानीय तहले कार्यक्रम सञ्चालनका लागि २१ दिने आवेदन मागको सुचना प्रकाशन गरी माग संकलन गर्नुपर्नेछ । सूचनाको ढाँचा स्थानीय तहले तोकेको ढाँचामा हुनेछ ।

५. प्रस्ताव पेश गर्नेः कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले सम्बन्धी स्थानीय तहमा स्थानीय तहले तोकेको ढाँचा बमोजिमको आवेदन, आवश्यक कागजात सहित प्रस्ताव र अनुसूची-१ बमोजिमको प्रतिबद्धता पत्र पेश गर्नुपर्नेछ ।

६. कार्यक्रम सञ्चालनः (१) स्वीकृत कार्यक्रममा उल्लेखित स्थानीय तह, वडा र सम्बन्धीत स्थान बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(२) कृषि पुर्वाधार निर्माणको हकमा निर्माण सम्बन्धी कार्य सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गर्नुपर्नेछ ।

(३) स्वीकृत सशर्त कार्यक्रमसँग सम्बन्धीत क्रियाकलापहरु मात्र सञ्चालन गर्नुपर्नेछ ।

७. अनुदान प्रतिशत र सीमाः (१) कुल लागतको बढीमा ५० प्रतिशत अनुदान र कम्तीमा ५० प्रतिशतको साझेदारी सम्बन्धित साझेदारले गर्नुपर्नेछ ।

(२) विगतका वर्षहरुमा सोही प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनै पनि सरकारी निकायवाट अनुदान प्राप्त गरेका आवेदकहरु सोही कार्यक्रममा छनौट गर्न पाईने छैन ।

(३) यस मन्त्रालयवाट विगतका आर्थिक वर्षहरुमा बजेट विनियोजन भई सञ्चालन/सम्पन्न भएका कार्यक्रम/आयोजनाहरुमा बजेट खर्च गर्न पाईने छैन ।

८. <u>साझेदारको छनौटः</u> साझेदार संस्थाको छनौट सम्बन्धीत स्थानीय तहले गर्नेछ ।

९. <u>सम्झौताः</u> छनौट भएका आवेदकहरुसँग सम्बन्धित स्थानीय तहले सम्झौता गर्नेछ ।

## परिच्छेद -३
## आर्थिक पक्ष

१०. <u>भुक्तानीः</u> सम्झौता भएका आवेदकहरुले सम्झौता बमोजिमको कार्य सम्पन्न गरिसकेपछि आबश्यक बील भरपाई, कार्य सम्पन्न प्रतिवेदन तथा अन्य आवश्यक कागजात पेश भएपछि प्रचलित ऐन, नियमावलीको अधिनमा रही भुक्तानी गर्नुपर्नेछ ।

## परिच्छेद -४
## विविध

११. <u>अनुगमन तथा मूल्याङ्कनः</u> मन्त्रालय, निर्देशनालय, ज्ञान केन्द्रले आवश्यकता अनुसार सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ । अनुदान प्राप्त गर्ने अनुदानग्राहीले प्राप्त गरेको अनुदानको प्रयोग गरे/नगरेको सन्दर्भमा प्रत्येक वर्ष कार्यान्वयन निकायवाट मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । स्थानीय तहले आवश्यकता अनुसार अनुगमन तथा मुल्याङ्कन गर्नुपर्नेछ र अनुसूची-२ को ढाचामा मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

१२. <u>कारवाहीको व्यवस्थाः</u> साझेदारले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाईएमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित असुल उपर गरिनेछ र प्रदेश सरकारवाट सञ्चालन हुने अनुदानको कार्यक्रममा समावेश गरिने छैन ।

१३. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख भएका बुदाँहरु प्रचलित कानूनसगँ बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ।

१४. <u>संशोधनः</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले आवश्यक संशोधन गर्न सक्नेछ ।

अनुसूची -१

(दफा ५ सँग सम्बन्धित)

<u>प्रतिबद्धता पत्र</u>

............................को मिति............................को सूचना अनुसार ........कार्यक्रम सञ्चालनको सहभागिताको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु । कार्ययोजना अनसारको कार्य नगरेमा प्रदेश सरकारवाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं ।अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

<u>साझेदारको तर्फबाट</u>

नामः

पदः

स्थानीय तहको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
| --- | --- |
| | |

अनुसूची -२

(दफा ११ सँग सम्बन्धित)

<u>प्रगति प्रतिवेदनको ढाँचा</u>

कार्यक्रमको नामः

कार्यक्रम सञ्चालन गर्ने निकायको नामः

कार्यक्रम सञ्चालन अवधिः

| क्र. स. | कार्यक्रमको नाम | अनुदान रकम | लक्ष्य(इकाई) | | प्रगति प्रतिशत | | लक्ष्य अनुसार प्रगति हुन नसकेको भए कारण | मासिक/चौमासिक/अर्ध वार्षिक/ वार्षिक/अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | | | |

<u>कार्यालय प्रमुख</u>

दस्तखतः

नामः

पदः